# धुनिवेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प.सं. २०८२/०८३
च.नं.:

मितिः- २०८२/१०/२९

**सूचना ! सूचनन !! सूचना !!!**

## " सेफहाउस संचालन तथा व्यवस्थापन गर्नका लागि संघ ,संस्था तथा सहकारीहरुबाट प्रस्ताब आव्हान गरिएको सूचना"

**कार्यक्रमको नाम : "सेफ हाउस संचालन तथा व्यवस्थापन कार्यक्रम"**

प्रस्तुत विषयमा धुनिवेशी नगरपालिकामा हिंसा पिडित महिला ,बालबालिका , अपाङ्गता भएका व्यक्तिहरुका लागि सेफ हाउस संचालन तथा व्यवस्थापन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस क्षेत्रमा कार्य अनुभब भएका गैरसरकारी संघ ,संस्था तथा सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक तपशील बमोजीमका कागजात सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा जानाकारीको लागि यो सूचना प्रकाशीत गरिएको छ ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१) संस्थाको तोकिएको ढाँचामा निबेदन र कार्यक्रम संचालनको लागि प्रस्तावना
२) संस्था दर्ता, नविकरण विद्यमान प्रशासनिक र आर्थिक नियमावलिको छाँया प्रति
३) समाज कल्याण परिषदमा आबद्ध भएको प्रमाणपत्र वा जिल्ला प्रशासन कार्यालय वा धुनिवेशी नगरपालिकामा दर्ता वा सूचीकृत भएको हुनुपर्नेछ ।
४) गत आ व २०८१ /०८२ को बार्षिक प्रतिवेदन तथा लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ
५) संस्थाको भौतिक पूर्वाधार तथा कर्मचारीको अवस्था दर्शाउने कागजात
६) संस्थाको प्रोफाईल ।

**न्यूनतम आवश्यक शर्तहरु**

- हिंसा प्रभाबित क्षेत्रमा काम गरेको र गर्न योग्य पुग्ने आधार भएको संस्था हुनु पर्नेछ ।
- संघ, प्रदेश र स्थानिय कानून बमोजीम कार्यक्रम गर्न प्रतिबद्धता हुनुपर्ने छ ।
- हिंसा पिडित व्यक्ति तथा निजको संरक्षकलाई सेवा उपलब्ध गराए बापत लाग्ने खर्च यसै साथ संलग्न खर्चको मापदण्ड बमोजीम भुक्तानी गरिनेछ ।
- तोकिएको सबै कागजातहरु कार्यालयमा निर्धारित मिति भित्र पेश गर्नुपर्नेछ ।


फोन : ०१०-४०११९७, इमेलः- dhunibeshimun@gmail.com, info@dhunibeshimun.gov.np, www.dhunibeshimun.gov.np

**तपशील अनुसारका खर्चका मापदण्डका आधारहरु :**

**१ ) सेवाग्राहिको खाना लुगाफाटा तथा अल्पकालिन आवास**

**क**) कार्यालयमा चाहिने आवश्यक मालसामान जस्तै : डसना, पर्दा, खाट ,विस्तारा, भाँडाकुडा, टेलीभिजन, खातापाता लगायतका आवश्यक पर्ने मालसामान मध्ये हाल फेर्नु पर्ने वा थप गर्नु पर्ने भए बेड क्षमता समेतको बिचार गरी सेफ हाउस संचालक समितिले औचित्यताको आधारमा स्वीकृत गरेको सामाग्रि उपलब्ध गराउनेछ ।

**२ ) औषधी उपचार खर्च** धुनिबेशी नगर अस्पताल बाट उपचार हुन नसकेमा तोकेको अन्य सरकारी अस्पतालमा उपचार गराउँदा बिरामि तथा १ जना कुरुवा समेत बस्दा लागेको उपचार तथा कुरुवा खर्च दैनिक रु ५०० उपलब्ध गराईनेछ ।

**क**) सुरक्षित अल्पकालिन आश्रय स्थलमा बसी उपचार गराउँदा लागेको औषधि खर्च नगरपालिकाले बेहोर्ने छ ।

**ख**) अस्पतालमा नै भर्ना भई उपचार गराउँदा लागेका खर्च मितव्यायी सवारी साधनको भाडा, स्वास्थ्य परिक्षण तथा औषधि उपचार खर्च समितिको बैठक भई सिफारिस मार्फत उपलब्ध गराईने छ । बिषेश अवस्थामा सेफ हाउस संचालक समितिले आवश्यकता अनुसार बिशेष निर्णय गर्नु परेमा थप बिरामिको अवस्था र खर्चको प्रमाणित कागजातको आधारमा सिफारिस गर्नेछ ।

३) **कानुनी उपचार :** एक जना सहयोगीलाई समेत कानुनी निकाय तथा अड्डा अदालत जाँदा आते /जाते बापत मितव्ययि सवारी साधनको भाडा एवं कानुनी शूल्क तथा दस्तुर र सेवा बापत लग्ने खर्च समितिको निर्णय बमोजीम उपलब्ध गराईनेछ ।

४) **मनोसामाजिक परामर्श/ बिमर्श :**

हिंसा प्रभाबित महिलाको लागि आवश्यक मनोसामाजिक बिमर्श प्रदान गर्न यस नगरपालिकामा कार्यरत मनोसामाजिक परामर्श कर्ताबाट सेवा उपलब्ध गराईनेछ ।

**५) सामाजिक पुर्नस्थापना :**

हिंसा पिडित तथा प्रभाबित व्यक्तिहरुका लागि सामाजिक पुर्नस्थापना गर्दा तत्काल खान तथा बस्न अनुदान स्वरुप रु १०,००० उपलब्ध गराईनेछ ।

**६) बिउपूँजी अनुदान** :

हिंसा प्रभाबित व्यक्तिहरुलाई जीबिकोर्पाजन बीउपूँजी स्वरुप अनुदानको रुपमा प्रतिब्यक्ति रु १५,०००उपलब्ध गराई आयआर्जनको लागि टेवा दिईनेछ ।

**७ ) लत्ताकपडा उपलब्धः**

हिंसा पिडितलाई प्रति व्यक्ति रु ३००० तीनहजार लत्ता कपडा बापत उपलब्ध गराइनेछ ।

८) अन्य आवश्यक सेवा सेफ हाउस संचालक समितिले निर्णय गरे अनुसार हुनेछ ।

**( नोट : थप जानाकारीको लागि महिला ,बालबालिका तथा जेष्ठ नागरिक शाखा वा सम्पर्क नम्बर ९८४०७६२७७० मा सम्पर्क गर्नु हुन अनुरोध छ । )**